# बराहक्षेत्र देखि धरान जोड्ने सडक बन्ने

• कोशीपत्र संवाददाता

धरान

बराहक्षेत्रको बाङ्गे देखि नडाहा हुँदै धरान १७ जोड्ने सडक एक निर्वाचन क्षेत्र एक रणनितिक सडक अर्न्तगत योजना परेको छ।

सरकारको निति तथा कार्यक्रम अर्न्तगत बराहक्षेत्रलाई धरान जोड्नका लागि सडक निर्माणमा योजना छनौट भएको हो।

सुनसरी क्षेत्र नं १ का संघीय संसद जयकुमार राईको सिफारिसमा योजना छनौट भएको छ।

देशै भरीका १ सय ६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचित संसदको सिफारिसमा मन्त्रालयले तय गर्ने कार्यविधि अनुसार सडक निर्माणको योजना परेको संघीय संसद जयकुमार राईले जानकारी दिए। सरकारले एक नगरपालिका देखि अर्को नगरपालिका सँग सडक सञ्जाल जोड्ने कार्यक्रम अर्न्तगत बराहक्षेत्रको बाङ्गे देखि नहाडा हुँदै धरान सम्मको सडक योजनामा परेको राईले बताए।

उनले धरानमा थुप्रै सडक सञ्जालहरु जोडिन आवश्यक रहे पनि प्राथमिकतामा अहिले बाङ्गे देखि धरान १७ को रेल्वे जोड्ने सडक योजनामा परेको बताए।

उनले भने, 'पर्यटनको हिसावले कोशी टापु बन्यजन्तु आरक्षण, सप्तकोशी नदिको मनोरम दृष्याअवलोकन गर्न सकिने र दक्षिण क्षेत्रमा उत्पादित कृर्षिजन्य बस्तुहरु धरानमा बिक्रि गर्न सहजता हुने छ, दक्षिण क्षेत्रका जनताहरुलाई वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्न आउँ जाउँमा पनि सहजता हुनेछ ।'बराहक्षेत्रका स्थानीयहरुलाई अध्ययनका लागि कलेज तथा विद्यालय धाउन पनि सहज हुने उनले विश्वास व्यक्त गरे।

योजनाको कार्यबिधि अनुसार १ निर्बाचन क्षेत्र भएका १३ वटा हिमाली जिल्लाहरुमा ६० करोड, १ निर्बाचन क्षेत्र भएका २२ वटा पहाडी जिल्लाहरुमा ५० करोड, २ निर्बाचन क्षेत्र भएका २१ वटा जिल्लाहरुमा ४० करोड र ३ वा ३ भन्दा बढि निर्बाचन क्षेत्र भएका २० वटा जिल्लाहरुमा २५ करोड प्रति निर्बाचन र काठमाण्डौ जिल्लामा २० करोड प्रति निर्बाचन क्षेत्रमा बजेट विनियोजन गरेको छ । बहुबर्षिय योजना अनुसार ३ बर्ष भित्रमा योजना सम्पन्न भैसक्ने छ।

# इटहरीमा वहुवर्षे योजना निर्माण सुरू

• केशीपत्र संवाददाता

इटहरी

सुनसरीको इटहरीमा चालु आर्थिक वर्षको बहुवर्षे योजना निर्माण शुरु भएको छ । उपमहानगरपालका वार्ड नं ७ बाट सो योजनाको शुरुवात भएको हो। नगर प्रमुख मेयर द्धारिकलाल चौधरीले समुद्घाटन गर्दै चालु आर्थिक वर्षको वहुवर्षे योजना सुरुवात गरेका हुन।

इटहरी ७ को रामजानकी मन्दिरदेखि नहरसम्म, मलंगवा मार्ग, मलेक्षी मार्ग, शुभलक्ष्मी मार्ग,सिसौना मार्ग जोडने वहुवर्षे सडक योजना आइतबार प्रमुख चौधरीले शिलन्यास गरेका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रमा राजनीतिक तरङ्ग मच्चिए पनि स्थानीयस्तरमा विकासका कामहरुमा कुनै बाधा नपुग्ने र आफ्नै पालामा नगरवासीहरुले सुपर समृद्धिको नारा कार्यान्वयन भएको देख्न पाउने तथा



प्रत्यक्ष अनुभूति लिने बताए।

प्रमुख चौधरीले पूल,कर्ल्भट निर्माण र सडक कालोपत्रे गरिने यो योजना चालु आर्थिक वर्षका वहुवर्षे योजना मध्येकै सवैभन्दा ठूलो रहेको पनि जानकारी गराए। यो आर्थिक बर्षमा इटहरी उपमहानगरको ४० वटा वहुवर्षे योजना रहेका छन्।

त्यस्तै कार्यक्रममा इटहरी वडा नम्वर ७ का अध्यक्ष नर वहादुर राईले आफ्नै वडाबाट शुरु भएको वहुवर्षे योजनाको प्रत्यक्ष साक्षी बन्न पाउदा जनप्रतिनिधि भएको महसुस गरेको बताए। त्यस्तै उपमहानगरका वरिष्ठ इन्जिनियर जीवन घिमिरेले साना योजनालाई मर्ज गरेर एउटै ठूलो योजना निर्माण गरिएको जानकारी गराए। यो योजना सम्पन्न भएपछि इटहरी ७ का सवै मूलबाटोहरु कालोपत्रे हुने उनले जानकारी दिए। सो सडक योजना भ्याट वाहेक २ करोड ५९ लाख ३३ हजार २७ रुपैयाँमा ठेक्का लागेको छ। इटहरी उपमहानगरमा गत आर्थिक वर्षमा ११ वटा वहुवर्षे योजना सञ्चालित थिए। तीमध्ये पाँच वटा ग्रामीण सडक योजना कालोपत्रे सम्पन्न भएका छन्। अन्य योजना सम्पन्न हुने क्रममा रहेको पनि वरिष्ठ इञ्जिनियर घिमिरेले बताए।

# लागु औषध सहित ४ जना पक्राउ

• कोशीपत्र संवाददाता

धरान

प्रदेश नम्बर एक को विभिन्न स्थानबाट प्रहरीले लागुऔषध सहित ४ जनालाई पक्राउ गरेको छ।

ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले विराटनगर १० दक्षिण गेटबाट बेलबारी ३ का ३३ बर्षीय बिक्रम गुरुङलाई पक्राउ गरेको छ। प्रहरीले उनको साथबाट नियन्त्रित औषधी एभिल ८ एम्पुल, लुपिजेसिक ८ एम्पुल, डाइजाल्याब ८ एम्पुल सहित पक्राउ गरेको हो। त्यस्तै, ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान १५ ज्ञानचर्चमार्ग स्थितबाट खोटाङ दिप्रुङ ४ घर भई हाल धरान १५ मा डेरा गरी बस्ने २१ बर्षीय मिलन राईलाई लागूऔषध ब्राउन सुगर ९०० मिलिग्राम सहित पक्राउ गरिएको छ।

यसैगरी, लागुऔषध खैरो हिरोईन ब्राउनसुगर सहित झापाबाट एक जना पक्राउ परेका छन। पक्राउ पर्नेमा झापा कचनकबल-२ का २८ बर्षीय संजय लामा रहेका छन। उनलाई विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले आइतबार दिउँसो २ बजे कचनकबल-२ सुकुनाडिकी स्थित एरियाबाट २५ ग्राम ५० मिलिग्राम खैरो हिरोईन ब्राउनसुगर सहित पक्राउ गरेको हो। लामाको साथबाट ब्राउनसुगर तौलीने तराजु समेत बरामद गरिएको प्रहरीले जनाएको छ।

त्यसैगरी, प्रहरीले उर्लाबारी-३ थापा चौक स्थितमा बस्ने ३८ बर्षीय प्रेम धिमाल लागुऔषध गाँजा सहित पक्राउ परेका छन। उनलाई आज दिउसो २ बजे ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले ४ के.जी. भन्दा बढि गाँजा सहित पक्राउ गरेको हो। धिमालले घरमा गाँजा लुकाई राखेको भन्ने बिशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गर्दा खाटमुनी जेब्रा झोलामा लुकाई राखेको १/१ के.जी.को ४ पोका र खुल्ला अबस्थामा रहेको ८०० ग्राम गाँजा फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ।

# सहज कारोबारका लागि व्यापारीलाई क्युआर कोड

• कोशीपत्र संवाददाता

धरान



व्यापारीहरुले सहज रुपमा कारोबार गर्न सकून भन्ने उद्देश्यले एनआइसी एसिया बैंकले सब्जी बजारमा क्युआर कोड वितरण गरेको छ।

नेपाल राष्ट्र बैंक प्रदेश न. १ का निर्देशक सत्येन्द्र तिम्सिना, धरान उपमहानगरपालिकाका प्रमुख तिलक राई, धरान संयुक्त बजार एकता संघका अध्यक्ष रामकुमार दाश र वैंकका प्रदेश नं. १ र २ का डेपुटी पफर्ममेन्स एसोरेन्स इकोस्टिम प्रकाशचन्द्र अधिकारीले धरानको सब्जी मण्डीमा रहेका व्यवसायीहरुलाई आइतबार क्युआर कोड वितरण गरिएको हो। बैंकको मोबाइल बैंकिङ, फोन-पे प्रणालीमा आबद्ध अन्य बैंक तथा वित्तीय संस्था र भुक्तानी सेवा प्रदायकका ग्राहकहरूले मोबाइल बैंकिङ एप/वालेटमार्फत बैंकले उपलब्ध गराएको क्यूआर कोडमा स्क्यान गरी रकम भुक्तानी गर्न बैंकले जनाएको छ। ग्राहकले तिरको रकम सम्बन्धित विक्रेताको बैंकमा रहेको खातामा जम्मा हुने व्यवस्था एम मार्फत गरिएको छ। बैंकले निकट भविष्यमा सो क्षेत्रका यातायात, खाद्य स्टोरलगायत अन्य व्यावसायिक क्षेत्रलाई समेत क्यूआर भुक्तानी प्रणालीमा समावेश गर्दै लैजाने लक्ष्य लिएको नेपाल राष्ट्र बैंक प्रदेश न . १का निर्देशक सत्येन्द्र तिम्सिनाले बताए।

# सडक दुर्घटनामा दुई जनाको मृत्यु

• कोशीपत्र संवाददाता

धरान

प्रदेश नं एक विभिन्न स्थानमा भएको दुर्घटनामा परि आइतबार दुई जनको मृत्यु भएको छ।

उदयपुर चौदण्डीगढी-१० ईक्राहा बस्ने ६२ बर्षीय जग नारायण श्रेष्ठको बसको ठक्करबाट मृत्यु भएको हो। बिहान सवा १० बजे चौदण्डीगढी-१० स्थित राजमार्गमा त्रियुगा पब्लिक बोडिङ स्कुल खैराझोडाको को १ ख २७४८ नम्बरको बसले पैदल हिडिरहेका श्रेष्ठलाई ठक्कर दिदा उनको घटनास्थलमानै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

ठक्कर दिने बस र चालक चौदण्डीगढी-१० का ३८ बर्षीय रत्न बहादुर कार्की नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। त्यस्तै मोरङको बिराटनगरा -१४ का २५ बर्षीय कामेश्वर कामतको ट्र्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ।

आइतबार बिहान साढे ८ बजे बिराटनगर १४ स्थितमा को २ त २७३४ नम्बरको ट्र्याक्टर आफै अनियन्त्रीत भई दुर्घटना हुँदा सह-चालक समेत रहेका कामतलाई सोही ट्र्याक्टरले किच्दा उनको घटनास्थलमानै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।


## इटहरी उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**सधियारको नाममा जारी १५ दिने सूचनाबारे**

साविक इटहरी गा.वि.स/न.पा वडा नं. २ हाल इटहरी उपमहानगरपालिका वडा नं. २ कि नं. ५७९९ क्षेत्रफल ०-०-७.५(जा.वि) मा तपसिलको विवरण भए बमोजिमको इट्टा, ढुङ्गा, सिमेन्ट जोडाई गरी बनाउने/बनाएको पक्की घर को नक्सा पास गरी पाँउ भनी इटहरी २ वस्ने श्री ममता सुब्बाले दिएको निवेदनअनुसार निवेदकको पक्की नयाँ घर को नक्सा पास गरी दिँदा साँध संधियारहरुलाई कुनै पिर मर्का पर्छ पर्दैन ? आफुलाई पिर मर्का परी हानी नोक्सानि हुने भए सो सूचना तपाईले पाएको वा घरदैलोमा टाँस भएको मितिले १५ दिनपभत्र दरखास्त साथ अजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा (क) बमोजिम यो सूचना जारी गरीएको छ। म्यादभित्र कसैको उजुर पर्न नआाएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नक्सा पास भई जानेछ पछि कसैको उजुर बाजुर लाग्ने छैन।

**साँध/संधियारहरु**

| दिशा | छोडेको आफ्नो जग्गा | | सधियार |
|---|---|---|---|
| | | कि.नं. | नाम |
| पूर्व | | | सिता श्रेष्ठ |
| पश्चिम | | | हरी बहादुर अधिकारी |
| उत्तर | | | पदम फुयाल |
| दक्षिण | | | बटो |

**घरको नाप**

| विवरण | लम्बाई | चौढाई | उचाई | तला संख्या |
|---|---|---|---|---|
| | ३०'-०" | २०'-०" | १०' | |



## सच्याइएको

मिति २०७७/११/१३

गतेको अंकमा प्रकाशित धरान ११ नं वडा कार्यालयको सात दिने संधियारको सूचनामा धरान ११ किसान पथ स्थित पश्चिम तर्फका संधियारी जग्गाधनी श्री सम्झना जीमी हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

वि.शा



## धरान उपमहानगरपालिका ११ नं वडा कार्यालयको हकदाबी सम्बन्धी ७ दिने सूचना

सुनसरी जिल्ला धरान उपमहानगरपलिका वडा नं. ११ निवासी श्री लक्ष्मी सुब्बा लिम्बुले निजको पति श्री उदय सिहं योङहाङ लिम्बुको मिति २०६८/१२/२५ गते मृत्यु भएकोले पतिको नाममा दर्ता कायम रहेको तपशीलको जग्गा निज निवेदक मृतकको एक मात्र पत्नी श्री लक्ष्मी सुब्बा लिम्बुको नाममा नामसारी गर्नको लागि सिफारीस गरिपाँउ भनि यस कार्यालययमा दिएको निवेदन अनुसार मृतकको नजिकको हकदार एक मात्र पत्नी श्री लक्ष्मी सुब्बा लिम्बु बाहेक अन्य कोही भए यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा आफू सगँ भएको सबुत प्रमाण सहित यस ११ नं वडा कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। तोकीएको म्याद भित्र उजुरी नपरे निवेदकको माग बमोजिम सिफरासि भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशील**

| क्र.सं | जिल्ला | न.पा/गा.पा. | साविक वडा | कि.नं | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सुनसरी | बराह | महेन्द्रनगर ३ | १२३ | १-८-१५ |



## सूचना ! सूचना !!

**नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम मुलुकी अपराध (संहिता) ऐन, २०७४ को भाग-२, परिच्छेद-१० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूरको दफा १६० मा भेदभावपूर्ण व्यवहार गर्न नहुने कानुन बनेको छ। भेदभाव गरेमा ३ वर्ष कैद वा ३० हजार जरिवानाको व्यवस्था गरिएको छ।**

**दलित विकास समिति**
**धरान उपमहानगरपालिका**

सम्पर्क : ९८१५३०६०५२/९८४०५९३६४८/९८४२०४०५८६



## गोरखा होटल

विशेष छुटसहित हामी निरन्तर तपाईहरुकै सेवामा समर्पित हुनेछौं । हामीसंग स्विट रुम, एक्जुकेटिभ रुम, डिलक्स रुम र नर्मल रुम गरी ४२ वटा रुमहरु उपलब्ध छन् ।

यहाँ लाउञ्जको पनि व्यवस्था छ । गोरखा रेस्टुरेन्ट एण्ड

## गोरखा होटल प्रा. लि.

सम्र्पक : ०२५-५८२३११
इटहरी, सुनसरी, धरान रोड
गोरखा डिपार्टमेन्ट स्टोर पछाडि



## इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी (१ नं. प्रदेश नेपाल)

**उपाभोक्ता हितलाई ध्यानमा राख्दै सम्पूर्ण व्यवसायी तथा ग्राहक वर्गमा अनुरोध**

- कुनै पनि वस्तु खरिद गर्दा उत्पादनको नाम, सामानको मिश्रण, अधिकत्तम खुद्रा मुल्य, उपभोग म्याद सकिने मिति हेरी उपयुक्त लागेमा मात्र खरिद गर्ने बानी बसालौं।
- गुणस्तरहीन, संकास्पद र मिलावट भएको कुनै पनि वस्तु फेला परेमा तत्काल उपमहानगरपालिकामा उजुरी गरौं।
- मुल्य तिरेपछि विल पाउनु उपभोक्ताको अधिकार हो। सामान खरिद गरेपछि विल लिई सुरक्षित बनौं।
- खरिद बिल लिने बानीको बिकास गर्दै संविधानले सुनिश्चित गरेको अधिकारको प्रयोग गरौं।
- सम्पूर्ण व्यवसायीहरूले नियमअनुसार आफ्नो व्यवसायको दर्ता गरी आवश्यक कागजात राख्न र उपमहानगरपालिकामा व्यवसाय गर्ने प्रमाणपत्र समयमै नविकरण गराउन यो सुचान जारी गरिएको छ।

**स्वास्थ्यको ख्याल गरौं, आफ्नो आयु आफै लम्ब्याउ**
**इटहरी उपमहानगरपालिका**



## जनहितमा जारी सूचना

- आफुले तिर्नुपर्ने सबै प्रकारका करहरु समयमा नै तिरौं र जिम्मेवार नागरिकको भुमिका निर्वाह गरौं।
- घर तथा पसलबाट निस्कने फोहोरलाई उपमहानगरपालिकाको फोहोर बोक्ने गाडीमा मात्र राखौं।
- नगरलाई दुर्गन्धित तथा आम नागरिकको स्वास्थ्यमा असर पुयीउने काम नगरौं। सडक,खोला,खोल्सी,गल्ली लगायत अन्य सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्ने कार्य बन्द गरौं, यदि फालेको पाईएमा कानून बमोजिम कार्वाही हुनेछ।
- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पसल अगाडी डष्टवीन अनिवार्य रुपमा राखौं।
- धरान नगर पोलिथिनमुक्त क्षेत्र भएकोले पोलिथिन झोला प्रयोग नगरौं।
- कुनैपनि संरचना निर्माण गर्दा अनिवार्य घरनक्सा पास गरेर मात्र संरचना निर्माण गरौं।
- जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,तोकिएको स्थानमा मात्र सवारी पार्किङ्ग गरौं,ट्राफिक व्यवस्थापनमा सहयोग गरौं।
- सडक तथा सार्वजनिक स्थलमा सुर्तिजन्य पदार्थ सेवन नगरौं।

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**



## Pauwadungma Rural Municipality
Chyangre, Bhojpur, Province no:1

# Invitation for Bids

*Date of publication : 2077-12-23 (5th April, 2021)*

Invitation for Bids for the Upgrading road from Sukrabare to ward office1(Phase-2)
Contact Identification No: PRM/SQ/077-078/08

1. Pauwadungma Rural Municipality,Bhojpur invites electronic bids only from eligible bidders for the Upgrading road from Sukrabare to ward office 1 (Phase-2) under National Competitive Bidding.

| S.N | Name of Project | Contact ID | Estimated Amount(without VAT & Contingencies) | Bid fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | Upgrading road from Sukrabare to ward office 1 (Phase-2) | PRM/SQ/077-078/08 | 10,51,666.64/- | 1,000/- | 30,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.


## आजको राशिफल



आचार्य पण्डित
सम्राट गौतम
९८४२१००५५५

मेष: धार्मिक आस्था बढेर जानेछ। परोपकारीक कार्यमा मन रमाउनेछ। नयाँ अवसरहरू प्रशस्त जुट्नेछन्। पुराना कार्यहरु सफल भएर जानेछन्।

वृष: शरीरमा थकान महसुस हुनेछ। आर्थिक क्षेत्रमा समय प्रतिकुल रहेको छ। विवादमा फस्न सकिने छ। अनुचित परिश्रम बढेर जानेछ।

मिथुन: नयाँ कार्यका योजनाहरू बन्नेछन्। रमाइलो भेटघाटले ज्यादा समय लिन सक्छ। कार्यमा लगनशीलता बढेर जानेछ। मित्रता अझ गाढा भएर जानेछ।

कर्कट: शत्रुहरु बढी सक्रिय रहनेछन्। कार्यमा व्यस्तता बढेर जानेछ। ठूलो जिम्मेवारी वहन गर्नुपर्ने सम्भावना छ। हिम्मत लिएर अघि बढ्नुहोला।

सिंह: अध्ययनमा सफलता प्राप्त हुनेछ। मान्यजनको सहयोग उपयोगी हुनेछ। परिश्रम धेरै गर्नुपर्नेछ। व्यापारमा नयाँ मार्ग देखिनेछन्।

कन्या: बोलचालमा विशेष ध्यान पुर्याउनुहोला। अरुले आफूलाई प्रयोग गर्न सक्नेछन्। हडबडीले कार्य बिग्रन सक्नेछ। विश्वासिलो व्यक्तिबाट धोका हुन सक्छ।

तुला: विपक्षीहरूबाट सजग रहनु होला। पारिवारिक असमझदारीले समस्या निम्त्याउन सक्छ। उत्साहपूर्वक कार्यमा तत्पर रहनु होला।

वृश्चिक: भरपुर साथ सहयोग जुट्नेछ। सकेसम्म कम बोल्ने प्रयास गर्नुहोला। सामाजिक प्रभाव बढ्न सक्नेछ। गोपनियतामा धेरै सजग रहनुहोला।

धनु: पारिवारिक जमघट बढेर जानेछ। व्यापारिक क्षेत्रमा फाइदा बढ्नेछ। मिहिनेतले सम्मानित बनाउनेछ। कमजोरी सुधार्ने समय रहेको छ।

मकर: लामो यात्राको सम्भावना रहेको छ। नयाँ कार्यमा बाधा आउन सक्नेछ। फजुल खर्च बढेर जानेछ। पारिवारिक दूरी बढ्न सक्नेछ।

कुम्भ: दिन शुभ रहेको छ। औद्योगिक क्षेत्रमा फाइदा हुनेछ। लगानीका नयाँ बाटाहरू खुल्नेछन्। दिगो फाइदाका कार्यहरू अघि बढ्नेछन्।

मीन: दिन अत्यन्त व्यस्त भएर बित्नेछ। कार्यको सफल नतिजाले उत्साह बढाउनेछ। ढिलो गरेर नयाँ कार्य सुरु गर्नु होला।